# गौरादह नगरपालिका

फोन नं.०२३ -४८०३७८

## नगर कार्यपालिकाको कार्यालय

गौरादह,झापा

प्रदेश नं.१,नेपाल


प.सं. ०७५/०७६

च.नं.

मिति : २०७५।१०।०४

**विषय : शिक्षण सिकाई सुचना प्रविधिको प्रयोग,कम्प्युटर,ईन्टरनेट,कनेक्टिभिटि,इक्युप्मेन्ट्स तथा सामाग्री खरिदका लागि अनुदान कार्यक्रम सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५/०७६ मा यस गौरादह न.पा.लाई शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सशर्त अनुदान अन्तर्गतको शिक्षण सिकाई सुचना प्रविधिको प्रयोग,कम्प्युटर,ईन्टरनेट,कनेक्टिभिटि,ईक्युप्मेन्ट्स तथा सामाग्री खरिदका लागि अनुदान कार्यक्रममा (२ कोटा) सहभागी हुन चाहने नगरका सबै सामुदायिक माध्यमिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२० गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

कम्प्यूटर, **Equipments** तथा **Kits** खरिद अनुदान कार्यक्रम प्रस्तावका आधारहरु

क) इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएको वि.व्य.स.को.निर्णय प्रतिलिपि संलग्न हुनु पर्ने ।

ख) विद्यालयले गणित, अंग्रेजी र विज्ञान विषय पढाइरहेका शिक्षकको **ICT** का माध्यमबाट शिक्षण गर्ने क्षमता तथा तत्परता (प्रमाणपत्र)सहित तहगत र कक्षागत विद्यार्थी विवरण समेत उल्लेखहुनुपर्ने ।

ग) **ICT** प्रयोगशाला स्थापनाका लागि भवन ब्लक नं. उल्लेख गरी आवश्यक फर्निचर, कम्प्युटर, उपकरण, सफ्टवेयर, विद्युतिय अन्तरक्रियात्मक श्रव्यदृष्य सिकाई सामग्रीको सङ्ख्यागत विवरण र बजेट खुल्ने प्रस्तावना तयार गरी वि.व्य.स.बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

घ) विद्यालयले नमूना माध्यमिक विद्यालय निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेशिफिकेसनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसार सामग्री खरिद गर्ने वि.व्य.स. बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

ङ) कम्पाउण्ड वाल भएको भए उल्लेख गर्ने ।

च) विषयगत शिक्षक र विद्यार्थी सहभागीता के कसरी गराई प्रयोगशालाको उपयोग गर्ने हो सो सम्बन्धि फोकल पर्सनको स्पष्ट उल्लेख हुनुपर्ने र बजेटको परिधि रु ६५०००० रहने ।

छ) प्रयोगशालाको प्रयोग, सञ्चालन तथा अभिलेख व्यवस्थापनका लागि आधारहरु उल्लेख हुनुपर्ने ।

ज) खरिद हुने सामग्रीको (सिकाई सामग्री,सन्दर्भ सामग्री,प्रयोगात्मक सामग्री,) बजेट सहितको विवरण उल्लेख हुनुपर्ने ।

झ) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यकम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोहि अनुसार हुने

नोट : प्रस्ताव तयार गर्ने सम्बन्धमा थप बुझ्नकालागि न.पा.को शिक्षा,युवा तथा खेलकुद शाखामा गर्न सकिने छ साथै प्रस्ताव पेश गर्दा सम्बन्धित शाखामा रुजु गराएर मात्र दर्ता गर्नुपर्नेछ ।

# गौरादह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौरादह,झापा

प्रदेश नं १ नेपाल

फोन नं.०२३ -४८०३७८

प.सं. ०७५/०७६

च.नं.

मिति : २०७५।१०।४

**विषय :-उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५/०७६ मा यस गौरादह न.पा.लाई, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सशर्त अनुदान अन्तर्गत उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रममा (५ कोटा) प्राप्त भएकाले ,यस कार्यक्रममा सहभागी हुन चाहने नगरका सामुदायिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२०गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबै विद्यालयहरुलाई जानकारी गराइन्छ ।

**उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान प्रस्तावका आधारहरु**

क) यस कार्यक्रममा सहभागी हुने विद्यालयले शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना छुट्टै निमार्ण गर्नुपर्ने छ । सो योजना निर्माण गर्दा शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४ का आधारमा निर्माण गर्नुपर्ने छ ।

ख) प्रस्तावमा विद्यालयको तहगत र कक्षागत विद्यार्थी विवरण प्रष्ट उल्लेख भएको हुनुपर्ने र सोका आधारमा शिक्षण सुधार कार्यविधि तयार गर्नुपर्ने साथै सो कार्यविधि लागु गर्ने निर्णय वि.व्य.स.बाट भएको हुनुपर्ने । कार्यविधि तयारीका लागि रु २०००-विद्यालयलाई निकासा हुने ।

ग) शिक्षण सिकाई समयलाई अधिकतम उपयोग गरि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाइ उपलब्धी अभिवृद्धि कार्यविधि प्राप्त भएपछि रु ५०००० /-विद्यालयलाई शैक्षिक गुणस्तर सुधारका लागि अनुदान दिईने ।

घ) शिकाई उपलब्धी थप वृद्धि गर्न शै.सा.व्यवस्थापन परिचालन र आफ्ना असल अभ्यासहरु एक अर्का शिक्षकबीच साझेदारी गर्ने । स्वीकृत प्रस्तावका आधारमा कार्यक्रम सम्पन्न भएपछि सो को आवधिक प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने प्रतिबद्धता उल्लेख हुनुपर्ने ।

ङ) शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७५/७६ मानव स्रोत विकास केन्द्रको वेभसाईट www.doe.gov.np मा उपलब्ध छ ।अन्य थप कुरा बुझ्नु पर्ने भएमा यस न.पा.को शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

च) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यक्रम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोहि अनुसार हुनेछ ।

सूचना शाखा :यो सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन ।

उप सचिव

# गौरादह नगरपालिका

फोन नं.०२३ -४८०३७८

नगर कार्यपालिकाको कार्यालय

गौरादह,झापा

प्रदेश नं.१,नेपाल


प.सं. ०७५/०७६

च.नं.

मिति : २०७५।१०।०४

**विषय :- लाइब्रेरी व्यवस्थापनका लागि फिक्सिङ र किताब खरिद अनुदान सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५/०७६ मा यस गौरादह न.पा.लाई, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सशर्त अनुदान अन्तर्गत माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ ,किताब खरिद तथा ई पुस्तकालय समेत) अनुदान कार्यक्रममा (३ कोटा) सहभागी हुन चाहने नगरका सबै सामुदायिक माध्यमिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२०गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबै विद्यालयहरुलाई जानकारी गराइन्छ ।

**लाइब्रेरी व्यवस्थापनका लागि फिक्सिङ र किताब खरीद प्रस्तावका आधारहरु**

क) यस पूर्व यस प्रकृतिको अनुदान प्राप्त नगरेको विद्यालय हुनुपर्ने ।

ख) माध्यमिक तहमा विद्यार्थी सङ्ख्या उच्चतम रहेका विद्यालयहरु तथा प्रस्तावमा विद्यालयको तहगत र कक्षागत विद्यार्थी विवरण प्रष्ट उल्लेख भएको हुनुपर्ने ।

ग) लाइब्रेरी स्थापनाका लागि भवन ब्लक नं. र सो को लम्बाई, चौडाई उल्लेख गरी वि.व्य.स.बाट भएको निर्णयको प्रतिलिपी पेश गर्नुपर्ने ।

घ) कम्पाउण्ड वाल भएको भए उल्लेख गर्ने ।

ङ) विषयगत शिक्षक र विद्यार्थी सहभागीता के कसरी गराई लाइब्रेरीको उपयोग गर्ने हो स्पष्ट उल्लेख हुनुपर्ने ।

च) लाइब्रेरीको प्रयोग सञ्चालन तथा अभिलेख व्यवस्थापनका लागि कर्मचारी र अन्य स्पष्ट आधारहरु उल्लेख हुनुपर्ने ।

छ) खरिद हुने सामग्री (कक्षागत पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सिकाई सामग्री, सन्दर्भ सामग्री, आवश्यक विषयगत पुस्तक, फर्निचर (काठको स्तरीय कुर्सी, स्तरीय टेबुल) बुक र्‍याक, पुस्तकालय सम्बन्धि उपकरण र सफ्टवेयर सामग्री) को सङ्ख्या र विवरण समेत उल्लेख गरी कार्यक्रम तथा बजेट निर्माण भएको हुनुपर्ने ।

ज) हरेक विद्यार्थीलाई पुस्तकालय कार्डको सुनिश्चितताका लागि पुस्तकालय सञ्चालन गर्ने कर्मचारी/शिक्षकलाई फोकल पर्सन तोकीएको वि.व्य.स.को निर्णय र व्यवस्थापन तथा वितरणका आधारहरु स्पष्ट उल्लेख हुनुपर्ने ।

झ) सार्वजनिक खरीद ऐन, नियम अनुसार खरीद गर्ने प्रतिबद्धता उल्लेख हुनुपर्ने ।

ञ) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यक्रम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोहि अनुसार हुनेछ ।

नोट : प्रस्ताव तयार गर्ने सम्बन्धमा थप जानकारी शिक्षा,युवा तथा खेलकुद शाखाबाट प्राप्त गर्न सकिने छ साथै प्रस्ताव पेश गर्दा सम्बन्धित शाखामा रुजु गराएर मात्र दर्ता गर्नुपर्नेछ ।

सचिव

# गौरादह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौरादह,झापा

प्रदेश नं.१,नेपाल

फोन नं.०२३ -४८०३७८

प.सं. ०७५/०७६ मिति : २०७५।०९।२५

च.नं.

**च.नं.** **मिति :२०७४।१०।०४**

**प.सं. ०७४/०७५**

**विषय :माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५ ०७६ मा यस गौरादह न.पा.लाई **शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट** प्राप्त माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सशर्त अनुदान कार्यक्रम अन्तर्गत , ( २ कोटा) प्राप्त भएकोले सहभागी हुन चाहने नगर भित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२० गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम प्रस्तावका आधारहरु**

क) इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएको वि.व्य.स.को.निर्णय प्रतिलिपि संलग्न हुनु पर्ने ।

ख) विद्यालयले विज्ञान विषय पढाइरहेका शिक्षकको **ICT** का माध्यमबाट शिक्षण गर्ने क्षमता (प्रमाणपत्र)सहित तहगत र कक्षागत विद्यार्थी विवरण समेत उल्लेखहुनुपर्ने ।

ग) विज्ञान प्रयोगशाला स्थापनाका लागि भवन ब्लक नं. उल्लेख गरी आवश्यक फर्निचर, विज्ञान प्रयोगशाला उपकरण,**Physics,Chemistry** र **Biology** का साथै माध्यमिक तहको विज्ञान विषयको पाठ्यक्रमलाई समेट्ने आधारभूत श्रव्यदृष्य सिकाई सामग्री तथा अन्य विज्ञान प्रयोगशाला सामाग्री सङ्ख्यागत विवरण र बजेट खुल्ने प्रस्तावना तयार गरी वि.व्य.स.बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

घ) विद्यालयले नमूना माध्यमिक विद्यालय निर्देशिका २०७४को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेशिफिकेसनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसार सामग्री खरीद गर्ने वि.व्य.स. बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

ङ) कम्पाउण्ड वाल भएको भए उल्लेख गर्ने ।

च) विषयगत शिक्षक र विद्यार्थी सहभागीता के कसरी गराई प्रयोगशालाको उपयोग गर्ने हो सो सम्बन्धि फोकल पर्सनको स्पष्ट उल्लेख हुनुपर्ने र बजेटको परिधि रु ६५००००० रहने ।

छ) प्रयोगशालाको प्रयोग, सञ्चालन तथा अभिलेख व्यवस्थापनका लागि आधारहरु उल्लेख हुनुपर्ने ।

ज) खरिद हुने सामग्रीको (सिकाई सामग्री,सन्दर्भ सामग्री,प्रयोगात्मक सामग्री,) विवरण उल्लेख हुनुपर्ने ।

**झ) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यक्रम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोही अनुसार हुनेछ ।**

**सूचना शाखा :यो सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन ।**

**नोट : प्रस्ताव तयारी सम्बन्धमा थप बुझ्नकालागि न.पा.को शिक्षा शाखामा सम्पर्क गर्न सकिने छ साथै प्रस्ताव पेश गर्दा सम्बन्धित शाखामा रुजु गराएर मात्र दर्ता गर्नुपर्नेछ ।**

..............................

प्रमुख प्रशासकीय अधिकृत / सचिव

# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौरादह झापा
प्रदेश नं.१,नेपाल

फोन नं.०२३ -४८०३७८


प.सं. ०७५/०७६
च.नं.

मिति : २०७५।१०।०४

**विषयः गणित,विज्ञान र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामाग्री (किट्स) अनुदान कार्यक्रम सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५ ०७६ मा यस गौरादह न.पा.लाई शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त गणित,विज्ञाज र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामाग्री किट्स सशर्त अनुदान कार्यक्रम अन्तर्गत , (३ कोटा) प्राप्त भएकोले सहभागी हुन चाहने नगर भित्रका सबै सामुदायिकआधारभूत (६-८)संचालित विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२० गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**गणित,विज्ञाज र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामाग्री किट्स अनुदान कार्यक्रम प्रस्तावका आधारहरु**

क) इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरु प्राथमिकतामा रहने हुँदा सो को उल्लेख गर्ने ।

ख) विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवं स्वीकृत भएका(पा.वि.के.को वेभसाईट हेर्ने) विज्ञान,गणित तथा अङ्ग्रेजी विषयका सामाग्रीहरुको बजेट तथा कायक्रम तय गरी पढाइरहेका शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्ने क्षमता (प्रमाणपत्र)सहित तहगत र कक्षागत विद्यार्थी विवरण समेत उल्लेखहुनुपर्ने ।

ग)विषयगत शैक्षिक सामाग्री भण्डारणका लागि सुरक्षा व्यवस्था र प्रयोगको उल्लेख गर्ने । आधारभूत तहको सम्बन्धित विषयका पाठ्यक्रमलाई समेट्ने आधारभूत श्रव्यदृष्य सिकाई सामग्री तथा अन्य सामाग्रीको सङ्ख्यागत विवरण र बजेट खुल्ने प्रस्तावना तयार गरी वि.व्य.स.बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

घ) विद्यालयले नमूना माध्यमिक विद्यालय निर्देशिका २०७४को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेशिफिकेसनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसार सामग्री खरिद गर्ने वि.व्य.स. बाट भएको कार्यान्वयन प्रतिवद्धताको निर्णयको प्रतिलिपि सहित पेश गर्नुपर्ने ।

ङ) विषयगत शिक्षक र विद्यार्थी सहभागीता के कसरी गराई विषयगत शै.सा.को उपयोग गर्ने हो सो सम्बन्धि फोकल पर्सनको स्पष्ट उल्लेख हुनुपर्ने र बजेटको परिधि रु ५०००० रहने ।

च)शै.सा.को प्रयोग, सञ्चालन तथा अभिलेख व्यवस्थापनका(जिन्सी खाता) लागि आधारहरु उल्लेख हुनुपर्ने ।

छ) खरिद हुने सामग्रीको (सिकाई सामग्री,सन्दर्भ सामग्री,प्रयोगात्मक सामग्री,) विवरण उल्लेख हुनुपर्ने ।

ज) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यक्रम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोहि अनुसार हुनेछ ।

सचिव

# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौरादह,झापा
प्रदेश नं.१,नेपाल

फोन नं.०२३ -४८०३७८

प.सं. ०७५/०७६
च.नं.

मिति : २०७५।१०।०४

**विषय :-उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान सम्बन्धि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७५/०७६ मा यस गौरादह न.पा.लाई शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सशर्त अनुदान अन्तर्गत उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत (१ कोटा) प्राप्त भएकाले यस कार्यक्रममा सहभागी हुन चाहने नगरका सामुदायिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।१०।२०गतेभित्र प्रस्तावना पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबै विद्यालयहरुलाई जानकारी गराइन्छ ।

**उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान प्रस्तावका आधारहरु**

क) यस कार्यक्रममा सहभागी हुने विद्यालयले शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना छुट्टै निमार्ण गर्नुपर्ने छ । सो योजना निर्माण गर्दा शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४ का आधारमा निर्माण गर्नुपर्ने छ ।

ख) प्रस्तावमा विद्यालयको तहगत र कक्षागत विद्यार्थी विवरण प्रष्ट उल्लेख भएको हुनुपर्ने र सोका आधारमा शिक्षण सुधार कार्यविधि तयार गर्नुपर्ने साथै सो कार्यविधि लागु गर्ने निर्णय वि.व्य.स.बाट भएको हुनुपर्ने ।

ग) शिक्षण सिकाई समयलाई अधिकत्तम उपयोग गरि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाइ उपलब्धी अभिवृद्धि कार्यविधि प्राप्त भएपछि विद्यालयलाई रु २०००००–प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ ।

घ) शिकाई उपलब्धी थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून शिकाई उपलब्धी भएका विद्यालयहरुलाइ अनुभव आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलापसहितको प्रस्ताव तयार गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७५/७६को अनुसूचि ४ बमोजिमका आधारमा आफ्नो उत्कृष्टता उल्लेख गर्ने र विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूचि ३ फारम भरी प्रस्तावका साथ पेश गर्नुपर्ने । स्वीकृत प्रस्तावका आधारमा कार्यक्रम सम्पन्न भएपछि सो को आवधिक प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने प्रतिबद्धता उल्लेख हुनुपर्ने ।

ङ)प्रस्तावना तयार गर्दा शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४,विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७५/७६का आधारमा तयार गर्नुपर्ने छ ।उक्त सामाग्री मानव स्रोत विकास केन्द्रको वेभसाईट **www.doe.gov.np** मा उपलब्ध छ ।अन्य थप कुरा बुझ्नु पर्ने भएमा यस न.पा.को शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

च) शिक्षा तथा मानव स्रोत केन्द्रबाट कार्यक्रम सम्बन्धि कुनै परिमार्जन वा निर्देशन प्राप्त भएमा सोहि अनुसार हुनेछ ।

सूचना शाखा :यो सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन ।

१०/४

उप सचिव